अनुसूची १

विनियम ९ को उपविनियम (१) सँग सम्बन्धित

## लगानी सम्बन्धी सूचना नं -३९२ (पुन : प्रकाशित मिति २०८२।०२।०५)

यस कोषको विभिन्न बैंक तथा वित्तीय संस्थामा रहेको रकम १ बर्ष अवधिका लागि लगानी गर्नु परेकोले नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त तल उल्लेखित शर्तहरु पुरा गरेका “क” वर्गका बैंकले आफूले लिन चाहेको रकम तथा उक्त रकमका लागि प्रस्ताव गरिएको ब्याजदर समेत यस कोषले तोकेको शिलबन्दी दरभाउपत्र सम्बन्धी फारम भरी कुल लगानीयोग्य रकम मध्ये ............................. निक्षेपको रुपमा लिन चाहेको रकम खोली यस कोषमा बुझाउन आह्वान गरिएको छ ।

**लगानी योग्य रकम : रु. १,५८,००,००,०००।- ( अक्षरेपी रु एक अर्व अन्ठाउन्न करोड मात्र) ।**

**शिलबन्दी दरभाउपत्र बुझाउने अन्तिम मिति : जेष्ठ ७ , २०८२ कार्यालय समय भित्र**

**शर्तहरुः**

(क) बैंक संचालनमा आएको कम्तीमा पाँच वर्ष पुरा गरेको ।

(ख) पछिल्लो आर्थिक वर्षहरुमा लगातार पाँच वर्षदेखि नाफामा रहेको ।

(ग) नेपाल राष्ट्र बैंकबाट तोकिएको न्यूनतम पूँजीकोष कायम गरेको ।

(घ) निष्कृय कर्जा (NPL) अनुपात नेपाल राष्ट्र बैंकले आफ्नो लगानी योग्य रकम लगानी प्रयोजनका लागि समय समयमा निर्धारण गरेको सीमाभित्र रहेको ।

(ङ) खूद तरल सम्पत्ति स्वदेशी निक्षेपको कम्तिमा २० प्रतिशत वा सो भन्दा बढी रहेको ।

(च) कर्जा/स्वदेशी निक्षेप र प्राथमिक पूँजी अनुपात वा कर्जा/ निक्षेप अनुपात नेपाल राष्ट्र बैंकले समय-समयमा निर्धारण गरेको सीमा भित्र रहेको ।

(छ) .....

(ज) .......

(झ) लगानी गरिने बैंक वा त्यसको कार्यकारी अध्यक्ष, सञ्चालक वा प्रमुख कार्यकारी अधिकृतलाई नेपाल राष्ट्र बैंकले प्रचलित कानून बमोजिम सचेत गराउने बाहेकका अन्य जरिवाना वा सजाय गरेको अवस्थामा सो कारवाही भएको ६ महिना पूरा भएको ।

(ञ) शीघ्र सुधारात्मक कारवाहीमा परेको भए सो कारवाही फुकुवा भएको कम्तिमा तीन महिना पूरा भएको

(ट) नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६ बमोजिम कारवाहीमा परी समस्याग्रस्त घोषणा नभएको । समस्याग्रस्त घोषणा भएकोमा सो फुकुवा भएको छ महिना अवधि पुरा भएको ।

(ठ) नेपाल सरकारको स्वामित्व रहेका बैंक बाहेकका अन्य बैंकको हकमा सर्वसाधारणको लागि छुट्याइएको शेयर जारी गरी नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा सूचिकृत भएको ।

(ड) कोषले लगानी गर्न सूचना प्रकाशित गरको रकम लगानी गर्ने/नगर्ने अधिकार कोषमा सुरक्षित रहनेछ ।

(ढ) मापदण्ड तथा शर्त पूरा गरेको व्यहोराको स्वघोषणा शिलबन्दी दरभाउपत्र साथ पेश गर्नु पर्नेछ । शिलबन्दी दरभाउपत्रमा उल्लेखित वित्तीय परिसुचकहरु त्रैमासिक रुपमा प्रकाशित गरेको हुनुपर्नेछ । कुनै वित्तीय परिसूचकहरु मासिक रुपमा प्रकाशित गरेको हकमा आफ्नो आन्तरिक लेखापरीक्षकबाट अनिवार्य रुपमा प्रमाणित गराएको हुनु पर्नेछ ।

**निक्षेप तथा कर्जा सुरक्षण कोष**
**केन्द्रीय कार्यालय, लेखा बिभाग**
**टंगाल, काठमाण्डौ**

**अनुसूची-२**

**विनियम १० संग सम्बन्धित**

श्री प्रमुख कार्यकारी अधिकृतज्यू,
निक्षेप तथा कर्जा सुरक्षण कोष केन्द्रीय
कार्यालय
टंगाल, काठमाडौं ।

**बिषय:- शिलबन्दी दरभाउपत्र सम्बन्धी फारम**

महोदय,

त्यस कोषको विभिन्न बैंक तथा वित्तीय संस्थामा रहेको रकम बैंकमा लगानी गर्ने सम्बन्धमा तहांबाट मिति.....................................मा भएको आह्वान बमोजिम तपशिलमा उल्लेखित सबै शर्तहरु यस बैंकले पुरा गरेको घोषणा गर्दै तलको तालिकामा उल्लेख भए बमोजिमको ब्याजदरमा सोही तालिकामा उल्लेख भए बमोजिमको रकम लिन ईच्छुक भएकोले सोही प्रयोजनका लागि यो शिलबन्दी दरभाउपत्र पेश गरेका छौं ।

**१. लिन चाहेको निक्षेप रकम ( रु लाखमा )**

| **क्र.सं** | **प्रस्तावित ब्याजदर** | **अवधि** | **माग गरेको रकम** | **कैफियत (ब्याज भुक्तानी बिधि)** |
|---|---|---|---|---|
| १. | | | | |

२. आर्थिक वर्ष .................. को ................. महिनाको यस ....................................लि. का वित्तीय परिसचकहरु निम्नानुसार रहेका छन् ।

| **क्र.सं** | **विवरण** | **इकाई** | **प्रतिशत / रकम** |
|---|---|---|---|
| १. | प्राथमिक पूँजीकोष अनुपात (न्यूनतम : ........ प्रतिशत) | प्रतिशत | |
| २. | पूँजीकोष अनुपात (न्यूनतम : ........... प्रतिशत) | प्रतिशत | |
| ३. | निष्कृय कर्जा अनुपात: | प्रतिशत | |
| ४. | खुद तरल सम्पति / स्वदेशी निक्षेप अनुपात ( २० प्रतिशत वा सो भन्दा बढी) | प्रतिशत | |
| ५. | कर्जा/स्वदेशी निक्षेप र प्राथमिक पूँजी अनुपात वा कर्जा/ निक्षेप अनुपात (बढीमा : ...... प्रतिशत ) | प्रतिशत | |
| ६. | नफा/नोक्सान हिसाब | रकम रु लाखमा | |
| | क. निकटतम अधिल्लो ५ वर्ष (प्रत्येक आ.ब को उल्लेख गर्नुपर्ने) | रकम रु लाखमा | |
| | ख. चालु अवधि | रकम रु लाखमा | |
| ७. | .......... | प्रतिशत | |

| | | | |
|---|---|---|---|
| ८. | कुल निक्षेप | रकम रु लाखमा | |
| ९. | चुक्ता पुँजी | रकम रु लाखमा | |
| १०. | कोषको नाममा रहेको हालसम्मको मुद्दती निक्षेप रकम | रकम रु लाखमा | |

३. यस ........................................... लि. को सम्बन्धमा देहाय बमोजिमको थप विवरण समेत पेश गर्दछौ ।

१. आ. ब. .................. देखि आ. ब. ...................... सम्मको नाफा नोक्सान विवरण ।

२. लगानी गरिने बैंक वा त्यसको कार्यकारी अध्यक्ष, सञ्चालक वा प्रमुख कार्यकारी अधिकृतलाई नेपाल राष्ट्र बैंकले प्रचलित कानून बमोजिम सचेत गराउने बाहेकका अन्य जरिवाना वा सजाय गरेको अवस्थामा सो कारवाही भएको ६ महिना पूरा भएको ।

३. संस्था नेपाल राष्ट्र बैंकको शीघ्र सुधारात्मक कारवाहीमा परेको छ / छैन र सो कारवाही फुकुवा भएको कम्तीमा तीन महिना पूरा भएको ।

४. संस्था नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६ बमोजिम कारवाहीमा परी समस्याग्रस्त घोषणा भएको छ वा छैन र सो फुकुवा भएको छ महिना अवधि पुरा भएको ।

५. सर्वसाधारणको लागि छुट्याइएको शेयर जारी गरी सकेको र मिति ................ नेपाल स्टक एक्सचेञ्ज लि. मा सूचिकृत भइसकेको ।

६. साथै, यस ................................. लि.को मिति ...................... मा प्रकासित पछिल्लो वित्तिय विवरण यसै दरभाउपत्रसँग संलग्न गरेका छौं ।

**संस्थाका आधिकारिक पदाधिकारीको**

दस्तखतः-..................................

नामः......................

पदः-........................

सम्पर्क फोन नं...........................

**संस्थाको नामः-**

ठेगानाः-

छापः-

**नोटः**

- उक्त शिलबन्दी दरभाउ पत्र सूचना प्रकाशित भएको मितिको **तीन कार्य दिन ( जेष्ठ ७, २०८२)** कार्यालय समय भित्र कोषमा बुझाइसक्नु पर्नेछ तर दरभाउपत्र बुझाउने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको भोलीपल्ट कार्यालय समयभित्र बुझाउनु पर्नेछ ।
- उक्त शिलबन्दी दरभाउपत्रमा न्युनतम ५ करोडको लागि दर्खास्त दिनुपर्ने छ ।
- उक्त शिलबन्दी दरभाउपत्र आहवान वाणिज्य बैंकहरुमा भएको मुद्दती निक्षेपको नविकरण आहवानको रुपमा लिन मिल्ने छैन ।
- शिलबन्दी दरभाउपत्र बुझाउन चाहने वाणिज्य बैंकहरुले उल्लेखित फारम डाउनलोड गरि तोकिएको ढाँचामा भरि पठाउनु पर्नेछ अन्यथा सो शिलबन्दी दरभाउ पत्र मान्य हुने छैन ।
- बैंकहरुले कबुल गर्न चाहेको बैंक ब्याजदर अनिवार्य रुपमा संलग्न अनुसुचीमा नै उल्लेख गरेको हुनुपर्नेछ । अन्यत्र उल्लेख गरिएको बैंक ब्याजदर प्रति कोषको उत्तरदायित्व रहने छैन ।